# नमस्कार

## कफि गफ : त्यो भेट

खोज्दै थिएं। अनि सोधें। यहाँको सम्मेलन भवन कहाँ छ? उसले भनि आउ सँगै जाउँ, म पनि त्यहिं जादैछु। कुरा गर्दै अघि बढ्यौं, उनि पनि म जस्तै एओ तालिममा भाग लिन आएकि रहिछ। साधारण परिचय पछि तिनी जति रूपवती थिइन, त्यति नै फरासिलि हुँदै गई। सम्मेलन भवन पुग्दासम्म दाभोसका वाटाहरू र प्रमुख व्यापारिका एंव पर्यटकिय केन्द्रहरूका बारेमा धेरै बताई। डिसेम्बरको महिना जताततै हिउँले ढाकिएको भएपनि त्यस भित्र लुकेको सौन्दर्यका बारेमा सहजै जान्न पाएकोमा दंग थिएं।ओ! नेपाल नेपालबाटआएको।यहि प्रश्नसँगै थुप्रै नेपालसंग संबन्धित राजनैतिक, साँस्कृतिक, अनि भौगोलिक जिग्यासाहरू व्यक्त गरि नै रहि।मसंग उनका



राजनैतिक प्रश्नहरूको सहि, सत्यउत्तर र विश्लेषण भने थिएन। भनें, यस्तै छ विकासशिल राष्टहरूको हाल। यहि हो सम्मेलन भवन। हामी एउटा ठूलो ढोकाबाट अँध्यारो कोठामा प्रवेश ग-यौं। बाहिरबाट भवन खासै विशेष थिएन अनि अध्यारो कोठाले गलत ठाउँमा त पसिन भन्ने भान दिइनै रह्यो। तर सँगैको प्रकाशित भव्य स्वागत कक्षले हामीलाई सहि तालिममा लग्यो नै।

एउटा अपरिचित शहर बीच एउटी फरासीली सुन्दरी र बौद्धिक संगिनी भेटेकोमा हर्षित थिएं। सोचें, एक हप्ता हिउँसंग बिताउन केहि सजिलो हुने भयो। टाढा हिमालको हिउँको सौन्दर्य र आर्कषण बयान गर्न गाह्रो भए पनि आफ्नै वरपर जताततै जमेको हिउँले मलाई प्रफुल्लित पार्न सकेन। शायद आकाश नखुले पछि दिल पनि खुल्दैन कि? तालिम चलिनै रहयो। एक दिन मध्य दिनको विश्राम समयमा, घुम्न जाने यहाँको केवलकार चढेका छौ ? भनि। मनकामनाको केवल कार त चढेकै हो, तर हिउँले ढाकिएको हिमालको टुप्पोसम्म कुनै सुन्दरीसंग भने पुगेको छैन।"त्यसो भए जाउँ त।" पुरै हिउँले ढाकिएका स -सना हिमाल माथि हुँदै एउटा विशाल केवल कार एउटा अग्लो हिमालको समिटमा रोकियो। कारबाट तल हिउँमा स्की, स्नो बोर्ड खेल्नेहरूको झुन्डै देखिन्थ्यो। समग्रमा हिउँ, हिमाल, स्नो स्पोर्टस र बीच बीचमा सेतै फुलेका रूखहरू मनोरम थियो दृष्य। तिमी स्की खेल्छौ? सोधि। मेरो उत्तर थियो "नेपालका हिमालहरू धेरै अग्ला र भिराला छन। त्यसैले कोहि स्की खेल्दैनन। यद्यपी स्की खेल्ने त कहाँ हो कहाँ यो भन्दा अघि हिउँसम्म छोएको छैन। हरपल आफ्नै आँखा अगाडि टल्कि रहने हिमालसम्म पुगेको छैन। सोचि होलि मैले ठट्टा गरें। नजिकैको एउटा रेष्टुरेन्टमा पस्यौं, "के पिउने ? तातो चिसो ? अँ यहाको स्थानिय पेय तातो रक्सि पनि पाईन्छ।" एक गिलास तातो रक्सि लिएर बाहिर घाम ताप्न पल्टि रहदा उनको सौन्दर्य खुल्दै गयो।मैले आफैंलाई उनको कालो चश्मामा हेरिरहें।


आज तालिमको अन्तिम दिन। बेलुका सिल्भीया कहा खाना खाने निम्तो छ। उनि यहाकि रैथाने नजिकै कतै "फ्ल्याट" छ रे। उनि होटल लनमा पर्खि बसिन, तालिम पछि हतार हतार तयार भएं। अनि उनको हिउँले ढाकिएको कारले हामीलाई केहि समय मै उनको फ्ल्याटसम्म पु-यायो।कार तताउन एसि चलि रहदा उनको बोलि भने स्पष्ठ सुनिएन। कोठामा पुग्नासाथ पिउन पानी दिई, लुगा फेरि अनि सोधि, " के खाने स्वीस खाना बनाउँछु हुन्छ?" हुन्छमा टाउको हल्लाएं। उनि पकाई रहदा मैले उनको फ्ल्याट अवलोकान गरें। चिटिक्क सजाईएको सफा आकर्षक। सिसाका दराजहरूमा पुराना सामान र उपहारहरू सजाएर राखिएका। तर कोसिशै गर्दा पनि कोहि अर्को मान्छे पनि त्यहाँ बस्छ भन्ने लागेन।

"रकलेट" को स्वादसँगै सोधें; "तिमी यहाँ एक्लै बस्छौ?" शायद उनले मेरो सोधाई अलिक बढि नै बुझि क्यार। त्यसैले "अँ" को उत्तर पछि उसले आफ्नो व्यक्तिगत जीवनका घटनाहरूका बारेमा बताई। "यहाँ बस्न थालेको धेरै भएको छैन। एक वर्ष भयो। त्यस भन्दा अघि अलिक पर एउटा गाउँमा बस्थें।मेरो केटा साथी पनि सँगै थियो, अहिले एक्लै छु। "रकलेट बनाउने सानो ईलक्ट्रिक मेशिनको ताप आईनै रह्यो। कस्तो मुर्ख होला यस्ती शुशिल साथीलाई एक्लै छोडने। सोध्न चाहें; अनि किन एक्लै त? यो उमेरमा यहाँ कमै एक्लै बस्छन होईन र ? सिष्टताबस सोधिन। तर आफैं बताउँदै गई । पहिलो दोस्रो र तेस्रो गरि फरक फरक समयमा तीनजना पुरूष्हरू उनको जीवनमा आई सकेछन्। तर केहि समयको सह - जीवन पछि आ - आफ्नो बाटो लाग्ने निर्णय भएछ। यि सबै बताई रहँदा उनमा कुनै संकोच र दुःख थिएन। ळाग्यो कस्तो माया; फेरिई रहने। शायद प्रेम उनकोलागि स्थायि आत्मिक संवेदना होईन, एउटा परविर्तनशिल आवश्यकता मात्र हो। स्थायि त उनका पुराना उपहार र सामानहरू हुन। जुन हरपल उनिसँगै रहिरहन्छ।

हाम्रो यो सामिप्यताले उनलाई म फर्किन उडने बेला विमान स्थलसम्म ल्याई पु-यायो। मैले उनलाई अर्को साल मेरो देश घुम्न आउन निम्तो दिएं; सोचें स्थायि प्रेम र अस्थाई सामानहरू उनलाई देखाउँ।
विनय श्रेष्ठ

### अनुरोध ः

नमस्कारका सम्पूर्ण पाठकवृन्दमा यसकालागि राजनैतिक र साँस्कृतिक रूपमा तठष्ट एंव साहित्यतर्फका स्तरिय लेखरचना पठाई सहयोग गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।साथै तपाईका रचनाहरू शुशा फन्टमा टाइप गरि वा हस्त लिखितरूपमा विनय श्रेष्ठलाई हुलाकका माध्यामबाट वा इ-मेलबाट पठाउनु हुन जानकारी गराइन्छ। यदि शुशा फन्टमा समस्या भएमा सोधपुछका लागि माथि उल्लेखित व्यक्तिलाई सम्पर्क गर्न सकिनेछ।



## जनआन्दोलन 2063 पश्चात पुनःस्थापित प्रतिनिधिसभाको जेठ चार गते बसेको बैठकले पारित गरेको "प्रतिनिधिसभा घोषणा 2063" को पूर्ण पाठ ः

शान्तिपूर्ण संयुक्त जनआन्दोलमा नेपाली जनताले गरेको बलिदान जीवन सत्सर्ग र सभागितापति उच्च सम्मान गर्दै, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै, शान्तिपूर्ण संयुक्त जनआन्दोलमा सात राजनीतिक दलको मार्गचित्र र सातदल - नेकपा ( माओवादि) बीचको बाह्र बुदें समझदारी अनुरूप नेपाली जनताले संविधानसभा मार्फत नया संविधान निर्माण गरी लोकतन्त्र राज्यको पुर्नसंरचना सहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पुरा गर्ने संकल्प गर्दै, मुलुकाको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्बेवरीलाई आत्मसात गर्दै, "राज्यशक्तिको स्रोत नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठवन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगाएत समग्र समस्याहरूको समाधान गर्न " **2063** वैशाख **11** गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकार सम्पन्न रहेको स्वीकार गरिएको, **2046** सालको जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गरी निरंकुश राजतन्त्र को अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूण अधिकारहरू प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ र राज्यशक्ति यहि प्रतिनिधिसभा मार्फत प्रयोग हुने भएकोले देहायको घोषणा गर्दछ ः

**1. व्यवस्थापिकाको सम्बन्धमा**

**1. 1** नेपालको व्यवस्थापिका सम्बन्धि सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ। कानून निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरे बमोजिम हुनेछ।

**1.2** संविधानसभाको मार्गमा अघि बढने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकता अनुसार निर्धारण गर्नेछ।

**1.3** संविधानसभाको अधिवेशनको आहवान र अन्त्य देहाय बमोजिम हुनेछ ः

क) प्रधानमन्त्रीबाट अधिवेशनको आहवान र प्रधानमन्त्रीको सिफारिशमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ।

ख) संविधानसभाको अधिवेशन चालु नरहेको वा स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनिय छ भनी प्रतिनिधिसभाको तत्काल कार्य रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले सभामुख समक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नु पर्नेछ।

**1.4** प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ।

**2. कार्यकारिणीका सम्बन्धमा**

**2.1** नेपाल राज्यको कार्यकारिणी अधिकार मन्त्रिपरिषदमा निहित रहनेछ। "श्री पाँचको सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ।

**2.2** प्रतिनिधिसभा सदस्य नरहेका व्यक्ति पनि मन्त्रिपरिषदमा मनोनित हुन सक्नेछन्।

**2.3** मन्त्रिपरिषद प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ। प्रशासन, सेना र प्रहरीलगायत सम्पूर्ण कार्यकारी अंगहरू प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहने छ।

**2.4** सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषदद्वारा पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ।

**3. सेनाका सम्बन्धमा**

**3.1** "शाही नेपाली सेना" को नाम परविर्तन गरी "नेपाली सेना" रहनेछ।

**3.2** राष्ट्रिय सुरक्षा परिषद सम्बन्धि विद्यमान व्यवस्था खारेज गरिएको छ। नेपाली सेनाको नियन्त्रण प्रयोग र परिचालन गर्न प्रधानमन्त्रिको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद रहनेछ।

**3.3** नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषदले गर्नेछ।

**3.4** सेनाको परमाधिपति सम्बन्धि विद्यमान व्यवस्था खारेज गरिएको छ।

**3.5** सेना परिचालन सम्वन्धि मन्त्रिपरिषदको निर्णय तीस दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितीमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ।

**3. 6** नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरूपको हुनेछ।

**4. राजपरिषद सम्बन्धमा** ः राजपरिषदको विद्यमान व्यवस्था खारेज गरिनेछ। त्यसले गर्दै आएका आवश्यका काम प्रतिनिधिसभाले व्यवस्था गरे बमोजिम हुनेछ।

**5 राजदरबार सम्बन्धमा**

**5.1** राजगद्दि उत्तराधिकारी सम्वन्धि कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ।

**5.2** श्री पाँचको खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ।

**5.3** श्री पाँचको निजी सम्पत्तिमा र आयमाथि कानून बमोजिम कर लाग्नेछ।

**5.4** श्री पाँचबाट भए गरेका कामहरूका बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ।

**5.5** विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाकाके अंग बनाइनेछ।


**5.6** राजदरबारको सुरक्षा प्रवन्ध मन्त्रिपरिषदले व्यवस्था गरे बमोजिम हुनेछ।

**6.** मुलुकामा रहेको नागरिताको समस्यालाई सिघ्र समाधान गरिनेछ।

**7.** प्रचलनमा रहेको "राष्ट्रिय गान" लाई वैकल्पिक व्यवस्था गरी परविर्तन गरिनेछ।

**8.** नेपाल धर्मनिरपेक्ष राज्य हुनेछ।

**9.** विविध। स्रोत ः हिमालखबर




संसद भवन ः ऐतिहासिक निर्णय र जनतामुखि राजनीतिको केन्द्रविन्दु

## यात्रामा म ः अन्नपूर्णलाई चिहाउने मौका

म्याग्दि जिल्लाको उत्तरी भेगमा समुन्द्रि सतहदेखि **2850** मी. उचाईमा पर्ने एउटा रमणिय पर्यटकिय गाउँको नाम हो "घोरेपानी"। मुस्ताङवाट पोखरा अनि पोखरावाट मुस्ताङ यात्रा घोडाको माध्यामबाट गर्दा दुवै तर्फवाट उकालो सकिएर थकाई मारेको र घोडालाई पानी खुवाएको ठाउँ भएकोले घोडेपानी (अपभ्रंसः घोरेपानी) भनिएको किम्वदन्ति छ। गाउँमा पुराना रैथाने वासिन्दाहरू भने छैनन्। पर्यटकिय आगमन बढन थालेदेखि वरपरका वासिन्दाहरू त्यहाँ पर्यटकिय व्यावसायका लागि ओइरिएका भन्ने सुन्नमा आउँछ। जेहोस, गाउँको वरिपर विभिन्न किसिमका रंगीविरंगी गुराँसहरूको जंगल छ। वसन्त ऋतुमा त यि फुलहरूले गाउँको शोभा अझ बढाई दिन्छन्। यस गाउँसम्म पुग्न पोखारावाट लगभग दुई दिनको वा चार दिनको र तातोपानीवाट सात घण्टाको पैदल वाटो लिन सकिन्छ। पुनहिलको आर्कषणले अन्नपूर्ण क्षेत्र यात्रा गर्ने पर्यटकहरू मध्य नव्वे प्रतिशत पर्यटकहरू यो गाउँसम्म पुगेकै हुन्छन्। घोरेपानीवाट लगभग एक धण्टाको उकालो वाटोको दूरी र **3210** मी. उचाईमा अवस्थित सुर्योदय गर्ने अत्यन्तै रमणिय डाँडो हो "पुनहिल"। जुन यो गाउँको प्रमुख पर्यटकिय आर्कषण हो। घोरेपानीमा वास वसेका पर्यटकहरू भोलिपल्ट विहानै चार बजे तिर उठेर पुनहिल उक्लने तयारी गर्छन् र टर्चलाइटको साथ लिएर त्यहाँ सुर्योदय हुनु भन्दा अघि नै पुगिसकेका हुन्छन्। विहान सबै उकालो चडेको बेलामा तलवाट डाँडो माथि तिर हेर्दा त पाखैभरी झिलीमिली बत्तिको रमणिय दृष्य देखिन्छ। जब सुर्यको किरण हिमालमा पर्न थाल्छ तव सम्पूर्ण पर्यटकहरू आ-आफ्नो क्यामारामा विभिन्न कोणवाट विभिन्न रंग र आकारका दृष्यहरू कैद गर्न तयार हुन्छन्।

निलगीरी र टुकुचे हिमाल र पश्चिममा मानापाथि हिमालको



पुनहिलवाट पुर्वमा माछापुच्छे, अन्नपुर्ण - चौंथो, वराह शिखर, दृष्यावलोकन गर्न सकिन्छ। उत्तर तर्फ संसार कै सवैभन्दा गहिरो खोच, जसको गहिराई लगभग सात कि. मी. छ, देखिन्छ। त्यसैगरी अन्नपूर्ण - पहिलो ( **8091** मी.) र धौलागीरी ( **8165** मी.) का वीचवाट एक हजार मीटरको उचाईमा काली गण्डकी नदि वग्दछ। यस्तो रमणिय ठाउँ जुन सन **1998** मा विश्वकै दोश्रो मनोरम पर्य टकिय स्थलको रूपमा गणना भएको थियो, राजनैतिक कारणले विगतका केहि वर्षहरूमा पर्यटक संख्या र पर्यटकिय क्रियाकलापमा मन्दि आएता पनि यसको प्रकृतिक सौन्दर्य भने जिवितै छ। त्यसैले आगामी दिनहरूमा यहाँ फेरी पर्यटक आगमन बढ्ने र घोरेपानी उहि पुरानै घोरेपानी बन्ने आशा गर्न सकिन्छ।

-- कमल भट्ट, नोयहाउसन

## कविता ः संसार

यो संसार रमाईलो हो, रमाईलो संसार
तर कुनै होइन कामको

कसलाई सुनाउँ हाल, मुटुका वेदनाहरू
निभ्दो दियो हुँ म, आफ्नो चिहानको

सुकेको पतकर हुँ म यो गृष्मको
मैले विर्षे पनि हुने थियो, तर सकिन विर्सन
यो मोह संसारको, यो माया समाजको

मेरो लासको जन्ती धुमधामकासाथ
मैरे भुलले थियो निस्केको

चितामा आएर पनि आनन्दसंग बस्न पाईन
दुःखलाई विर्सन पनि कुनै वाहाना पाईन

तर यो संसार के कामको हो
वुझ्न मैले, वुझ्ने कुनै वाटो पाईन ।।

- विजया भट्ट, वाडन

## संरक्षण र प्रोत्साहन ः

मानव जीवनमा मातृभाषा, कला र संस्कृतिको महत्वपूर्ण स्थान रहन्छ। आफु जन्मे हुर्केको संस्कृति देश बाहिर स्थायि वा अस्थाई बसोवास गर्नेहरूकालागि आफ्नै पहिचान पनि हो। विश्वब्यापिकरणको यो युगमा संसारको जुनसुकै कुनामा बसोवास गरेपनि आफ्नो भाषा र संस्कृतिको संरक्षण र प्रयोगले मानसिक एवं ब्यसायिक जीवनमा प्रत्यक्ष वा परोक्षरूपमा सकारात्मक प्रभाव पारिरहेकै हुन्छ। एक वा एक भन्दा बदि संस्कृतिक र भाषागत ज्ञानले मानविय बौद्धिक क्षितिज फराकिलो हुनेमा कसैको दुई मत हुन सक्दैन। स्वीजरल्यान्डमा नेपाली समुदायमा आयोजित हुने ब्यक्तिगत कार्यक्रमहरू (विवाह, जन्मदिन आदि) मा त पहिले देखिनै यहिं बसोवास गर्ने नेपाली दाजु-भाई दिदि-बहिनीहरूले नेपाली सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गर्ने गरिएको हामी सबैलाई विदितै छ। यसपालीदेखि यो क्रम बढेर स्वीस नेपाली समाजका संस्थागत कार्यक्रमहरू (जस्तै नया वर्ष र समाजको बार्षिक कार्यक्रम) मा पनि नेपालबाट आएका कलाकारहरूकासाथमा यहिंका नेपाली कलाकारहरूलाई प्रतिभा प्रस्तुत गर्ने अवसर दिई कला, संस्कृतिको संरक्षण र प्रतिभा प्रोत्साहनको नयाँ ढोका खोलेको छ। आशा गरौं यसको निरन्तरताको। धन्यवाद! स्वीस नेपाली समाज र सहभागि कलाकारहरू।

## काठमाडौं नियात्रा

यसपाली यस्तै भयो, हतारै हतार। त्यसो त नेपाल जाने वेला सँधै कसो कसो यस्तै चटारो हुने गर्छ। टिकटको चाँजो पाँजो मिलाउने देखि घर अफिसकै रूमलो। साथीभाइ आफन्तलाइ 'ए जान लागें है ' पनि भन्न भ्याइएन।

साँझको जुरिख एयरपोर्ट त्यति भिंड थिएन, एउटा check-in counter तिर लम्किएँ। कसिलो जिउकी एउटी भरखरकी किशोरी रहिछे। काम प्रति लगनशिल,सौन्दर्य प्रति अझ बढि सचेत। सुनौला कपाल, चञ्चल आँखा,गाढा रातो ओठ, हल्का मुस्कान, पुष्ट छाती . . कता कता कामुकता प्रदर्शन । चाहे भन्दा छिटो नै Boarding Pass थमाइदिइ।
पटयार लाग्दो पर्खाइ - सम्झिनपुगें। जहान परिवार - छुट्टिने वेलाको पिडा। एक आपसमा कसिलैसँग बाँधिएका थियौं, आँखाहरू भरिएका थिए। गहौं पाइला सहित छुट्टिएँ मन एक तमासको भएको थियो। राजेन्द्र रिजालको यौटा कविता संझें:

*झिरमा उनिनु त्यो यौटा कुरा*
*पिरमा उनिनु त्यो यौटा कुरा*
*नभिज्ने आँखा कस्को छ र*
*तर झर्नु नझर्नु त्यो अर्कै कुरा।*

जहाज भित्र- "ए यसपाली त गाउँ जाने हो नी आठ घण्टैमा नाइट बसले पु-याउँछ अरे" नेपाली भाषाको सम्वाद सुनें। वाक्य सानो तर अर्थ गहिरो। विचरामा लामो समयको विछोड पछि परिवार गाउंघर भेटने उत्सुकता त छँदैछ देशमा केहि शान्ती छाएको आभाश पनि पाउन सकिन्छ, निर्वीध्न छिटो छरितो यात्रा गर्न सकिने स्थिती रहेको कुरा बुझें। आन्दोलनको उपलब्धि नै त हो यो।
डोहा एयरपोर्ट: मेला, हाटवजार झैं। मधेस,पहाड, हिमाल, शहर वजार जतातर्तैका छन्। विभिन्न जात वर्णका नेपालीहरूको सानोतिनो धुंइचो नै छ। पुरूषकै बाहुल्य भएपनि महिलाको संख्या सारै कम पनि थिएन। समावेसी। सबैमा उत्सुकता, उमंग, वेचैनी। विदेशमै पनि नेपाली अनुहारमा कान्ती छरिएको छ - स्वदेशको परिवर्तन प्रति सम्मति छ अनि शान्ती प्रति आश्वस्त।

त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल : हाल यसलाइ नेपाल अन्तर्राष्ट्रिय विमानस्थल भन्न रूचाउनेरहेछन कोहि कोहि कट्टर गणतन्त्रवादीहरू। यो चाहिं बिलकुल चित्त बुझेन मलाइ। आगन्तुक संग गरिने रूखो व्यवहार, काम गर्ने शैली, ढिला सुस्ती आदि अझै हटेका छैनन्। अब बोलीमा मात्र हैन व्यवहारमा पनि हुनुप-यो चुस्त र प्रभावकारी प्रशासन। नाममा भन्दा काममा चाहियो तदारूकता।
विमानस्थल वाहिर होटल दलाल र टयाक्सी चालकहरूको विगविगी। तँछाड मछाड सधैं झैं।
"मेरोमा आउनोस् जति भाडा दिएपनि हुन्छ"। भिंडको विचवाट एउटी महिला भन्दैथिइन्। करिव तिस वर्षकि हुँदिहुन्। साधारण कुर्ता सुरूवालको पहिरनमा। अचम्म लाग्यो। महिला चालित लिमोजीन सर्भिस ? कौतुहल बढ्यो। विना सोधपुछ उनकै गाडीमा वसें। म सोध्दै गएँ उनि खुल्दै गइन्।
"हजुर! गाडी चलाउंछु, के गर्नु उता गाउँमा दुवै थरिकाले खान वस्न दिएनन्"। परिस्थिती अनायासै भावुक बन्न पुग्यो। "पहिलो श्रीमानलाइ उनिहरूले वेपत्ता पारे। दोश्रो अहिले मलेसिया गा'छन्। छोरीहरू च्यापेर यता झरें। गाडी सिकें, अहिले यसैले गुजारा गर्दैछु।" वडो मार्मिक। थोरै वाक्यमै सम्पुर्ण जिवन अनि संघर्षको कथा। नारी अस्मिता, स्वतन्त्रता, सशक्तिकरण, समावेसी, आदि शव्दावलि प्रतिको चोटिलो प्रहार। म हतप्रद भएँ। अगाडी सोध्न सकिंन्, गन्तव्यमा ओर्लिएँ। उनि विदा भइन्। म टोलाइरहें।

यहाँ अचेल संसद, सम्वाद, संविधान, समावेसी लोकतन्त्र जेलिएको छ दैनिक जिवनमा। आशाको त्यान्द्रो छाडेका छैनन् कसैगरी। अन्तमा, विक्रम सुव्वाको एक समसामयिक हरफ :

*भन्दिनु है ! पारिजात दिदीलाइ भन्दिनु*
*संविधानका पाना-पानामा फलेका*
*गुलिया, चिल्ला र धारिला अक्षरहरू*
*भोक मार्न मकै-भटमास बन्न सकेनन्।*

जुलाइ **25**
सुमन वाग्ले ( हाल काठमाडौं)

## मिलन बिन्दु ः संविधानसभा

जनआन्दोलन **2063** सम्म सर्मविधानसभाका बारेमा जति नै छलफल र वादविवाद भएका भए पनि यसकालागि आवश्यक जनमत भने नेपाली जनताले आन्दोलनका दौरान अभिव्यक्त गरे। दशकौंदेखि ओझेलमा परेको यो विषयमा फेरि सम्पुर्ण राजनैतिक दलहरू सहमत भएर मुलुकको विद्यमान समस्या समाधान गर्दै नयाँ राज्य प्रणालीकालागि अग्रसर हुनुलाई नेपालको ईतिहासमा कोषेढंगाको रूपमा लिन सकिन्छ। संविधानसभाका लागि देशभरी देखिएको ऐकवद्वताका वावजुद यसको निर्वाचन सोंचे जस्तो सहज भने छैन। यसकालागि आवश्यक पर्ने अन्तरिम सरकार, संसद र विधानको गठनका साथै संविधानसभाको चुनाव प्रक्रिया सर्वमान्य र समन्वयकारी बनाउन चुनौतिपूर्ण र कठिन छ। यि सम्पूर्ण प्रक्रियाहरू माओवादि जनसेनाको व्यवस्थापन प्रक्रियामा निर्भर गर्दछ। माओवादिहरू शुन्यको स्थितीवाट यि प्रक्रियाहरू सुरू होस भन्ने चाहन्छन्, त्यसैले वर्तमान प्रतिनिधिसभाको विघटन उनिहरूको माग बनेको छ। संसदमा रहेका दलहरू कसैगरी माओवादिहरूलाई यसै संसदमा प्रतिनिधित्व गरएर अन्तरिम संसदको गठन गरी अधि बढन चाहन्छन्। प्रतिनिधिसभाको विघटनसंगै नेपालमा प्रजातन्त्रमाथि जालसाजी हुने गरेको विगतको अनुभवले उनिहरू त्रसित छन्। जे भए पनि प्रजातन्त्रमा यस्ता छलफल र क्रियाप्रतिकृयालाई सामान्य र सकारात्मक मान्न सकिन्छ। विचारहरूको आदान प्रदान विहिन समाधान सर्वमान्य र स्थाई हुन सक्दैन। माओवादिहरूले संविधानसभामा लैंगिक, जातिय र क्षेत्रिय समानुपातिक सहभागिता चाहे पनि यसकालागि स्पष्ट प्रकृया भने आजसम्म सुझाउन सकेका छैनन। अरू राजनैतिक दलहरू अन्तरिम संविधान र संविधानसभाले कोर्ने संविधानमा राजाको भूमिका के हुने? अझै स्पष्ठ हुन सकेका छैनन्। वर्तमानका राजनैतिक चहलपहलहरू अवलोकन गर्दा माआवादिले गणतन्त्र र राजनैतिक दलहरूले सेरेमोनियल राजतन्त्रको अवधारणाका आधारमा चुनावमा जाने संकेत मिल्दछ। सवै राजनैतिक दलहरू माओवादि समस्या समाधान, प्रजातन्त्रको स्थाईत्व र विकासमुखि परिणाम दिन सम्पूर्ण नेपाली जनतावाट तीव्र चापमा परेका छन्। जन -भावना विपरित तिनीहरू चल्न सकने अवस्थामा छैनन। यिनैअपठयारा सप्ठयाराहरूका वीच नेपालमा संविधानसभाको पक्षमा एउटा भरपर्दो सवल राजनीतिकधार र जनमत तयार भएको छ। यदि समानुपातिक सहभागिताको अवधारणा अनुसार संविधानसभाको निर्वाचन गरिएमा पराजित पक्षले पनि राज्य संचालनमा सहभागि हुन सक्ने अवस्था सिर्जना भई देशमा प्राकृतिक राजनैतिक सहिष्णुताको विकास हुने आशा गर्न सकिन्छ। यसकालागि अझै नेपाली जनताको संयम, वहादुरी र खवरदारी आवश्यकता पर्ने देखिन्छ।

-विनय श्रेष्ठ, सुमन वाग्ले